# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

KAGESHWORI MANOHARA MUNICIPALITY

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्या: २०७७/७८ (PMEP)
च.नं. 2968

मितिः२०७७।१२।२४

**विषयः <u>रोजागर संयोजक करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना</u> ।**

**(प्रथम पटक प्रकाशित मितिः २०७७।१२।२४)**

प्रस्तुत विषयमा यस कागेश्वरी मनोहरा नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि रिक्त रहेको रोजगार संयोजक (अधिकृतस्तर छैठौं) पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/२०७७/०७८ | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | १ |

**१. आवश्यक न्यूनतम योग्यताः-**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
(ख) २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**२. दरखास्त दिने स्थानः-कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, डाँछी, काठमाडौं ।**

**३. दरखास्त दिने अन्तिम मितिः- २०७८।०१।०७ गते कार्यालय समय भित्र ।**

**४. आवेदन दस्तुरः-रु.१,२००/- (आवेदन दस्तुर यस नगरपालिकाको राजस्व शाखामा वा NIC Asia Bank को खाता नं.०१८२०५००२९५४५००२ मा बुझाई सक्कल भौचर आवेदन साथ संलग्न गर्नु पर्नेछ)**

**५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा**

**६. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः- देहाय बमोजिम कागजातको आवेदक स्वयंले प्रमाणित गरेको प्रतिलिपिहरुः**

- नागरिकता
- आवश्यक न्यूनतम शैक्षिक योग्यताको लव्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधाः नगरपालिकामा रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ६ बमोजिम हुनेछ ।**

**८.पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ को परिच्छेद ५, दफा १४ बमोजिम हुनेछ ।**

**नोटः** प्रारम्भिक योग्यताक्रमको सूचीसंगै परीक्षाको मिति, समय र स्थान तोकी सूचना प्रकाशन गरिनेछ ।

- लिखित परीक्षाको पाठ्यक्रम यसै साथ संलग्न छ ।

(गिरीराज ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

कागेश्वरी मनोहरा नगरपालिका
नगरपालिकाको कार्यालय
गोठाटार, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

## रोजगार संयोजक पदका लागि सञ्चालन हुने लिखित परीक्षाको पाठ्यक्रम

**(क) सेवा सम्बन्धी (२५X२=५०अंक) बहुवैकल्पिक २५ वटा प्रश्नहरुः**

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,

२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६,

३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जना क्षेत्र, सम्भावना तथा चुनौतीहरु,

४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु,

५. रोजागर सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र त्यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,

६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृया,

७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखापरीक्षण प्रणाली,

८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,

९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र

१०. आचरण तथा अनुशासन, नैतिकता, सदाचार र भ्ष्टाचार नियन्त्रण ।

**(ख) कम्प्युटर सम्बन्धी (२५X२=५०अंक) बहुवैकल्पिक २५ वटा प्रश्नहरुः**

1. Computer fundamental
2. Operating System
3. Word Processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system

**(प्रत्येक गलत उत्तरमा २०% अंक ऋणात्मक हुनेछ)**

| कार्यालय प्रयोजनको लागि |
|---|
| परिक्षार्थीको रोल नं. : |

# आवेदन फारम

| पासपोर्ट साइजको फोटो |
|---|

| उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरण | |
|---|---|
| पदः | तह : |

| आवेदकको विवरण | | | | |
|---|---|---|---|---|
| नाम थर : | | | | लिङ्ग : |
| नागरिकता नं.: | | जारी गर्ने जिल्लाः | | जारी मितिः |
| स्थायी ठेगानाः | क) प्रदेशको नामः | | ख) जिल्लाः | |
| | ग) स्थानीय तहको नामः | | घ) वडा नं. | |
| पत्राचार गर्ने ठेगाना : | | सम्पर्क नं.: | ईमेलः | |
| बाबुको नाम, थरः | | आमाको नाम, थरः | | |
| बाजेको नाम, थरः | | पति/पत्नीको नाम, थरः | | |
| जन्म मितिः | (वि.सं.मा) | (ईस्वी सन् मा) | दरखास्त दिने मितिमा आवेदकको उमेर (वर्ष तथा महिनामा): | |

**शैक्षिक योग्यता सम्बन्धी विवरण एस.एल.सी. देखि माथि**

| योग्यता | विद्यालय/विश्वविद्यालय | उत्तीर्ण गरेको साल | प्राप्तांक प्रतिशत /सी.जी.पी.ए |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| अन्य विवरण | | |
|---|---|---|
| रक्त समुहः | | |
| आपतकालीन सम्पर्क : | नामः | ठेगानाः |
| | नाता : | सम्पर्क नं. |

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुट्ठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला /बुझाउँला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

हस्ताक्षर